म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १९२ बिहीबार, १४ फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 26 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**पाठेघरको मुखको क्यान्सरका लक्षण**

☞ अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राप हुनु ।
☞ योनिबाट बढि मात्रामा सेतो पानी बग्नु ।
☞ शारीरिक सम्बन्धको समयमा दुखाई हुनु ।
☞ शारीरिक सम्बन्धपछि रगत बग्नु ।
☞ तल्लो पेट, ढाड वा कम्मर दुख्नु ।
☞ पिसाब गर्दा दुख्नु वा रगत देखिनु ।
☞ शरीर कमजोर हुनु ।

*यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

'आन्तरिक लोकतन्त्र सामाजिक सञ्जालमा मात्र सीमित'

# रास्वपामा कुनै सिद्धान्त र दृष्टिकोण छैनः नेता पराजुली

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ नेपाली कांग्रेसका नेता भरत पराजुलीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को कुनै सिद्धान्त र दृष्टिकोण नभएको टिप्पणी गरेका छन् ।

फागुन ११ गते रास्वपा मकवानपुरको सभापति पद त्यागेर कांग्रेस प्रवेश गरेका पराजुलीले पुराना दललाई ठोक्ने र भ्रष्टाचारमुक्त बनाउँछु भन्ने भाषणमा मात्र रास्वपा सीमित भएको बताएका छन् । बुधबार नेपाली कांग्रेस मकवानपुरको पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा नेता पराजुलीले सामाजिक सञ्जाल र भाषणमा रास्वपा जति लोकतान्त्रिक देखिन्छ, व्यवहारमा त्यस्तो नदेखिएको जिकिर गरे । पराजुलीकाअनुसार रास्वपामा आन्तरिक लोकतन्त्रको अभाव र बोल्नै नपाइने अवस्था रहेको छ । उनले केन्द्रीय नेतृत्वले जे गरे पनि स्वीकार्य हुने तर, तल्लोतहका नेता-कार्यकर्तालाई आफ्ना धारणा राख्नसमेत कठिनाइ हुने अवस्था रहेको बताए ।

क्रान्तिकारी कम्युनिष्ट पार्टी भन्दा पनि रास्वपा बढी निरङ्कुश रहेको उनको धारणा थियो । 'पुराना दललाई ठोक्ने र भ्रष्टाचार मुक्त बनाउँछु भन्ने भाषण मात्रै र हेछ,' पराजुलीले भने, 'देश बनाउने ठोस योजना, कार्यविधि र दीर्घकालीन खाका देखिएन । रास्वपा सामाजिक सञ्जाल र भाषणमा जति लोकतान्त्रिक देखिन्छ, व्यवहारमा त्यस्तो छैन । निर्णय प्रक्रियामा पारदर्शिता थिएन, जनमूल्यांकनको प्रणाली पनि गलत रहेछ ।' कांग्रेसमा खुलेर बोल्ने संस्कारमा राजनीति गरेको मान्छे रास्वपामा गएपछि बोल्नै नपाइने अवस्थामा साढे तीनपर्ष बिताएको उनले बताए । रास्वपाको संरचना लोकतान्त्रिक प्रणालीअनुसार सञ्चालन नभएको र आन्तरिक बहस-संवादको संस्कार कमजोर रहेको निष्कर्षमा पुगेपछि उनले कांग्रेसमै फर्किने निर्णय लिएको बताए ।

आफ्नो राजनीतिक पृष्ठभूमि, पसिना र योगदान कांग्रेससँगै जोडिएको कारण फर्किन कुनै



असजिलो नलागेको उनले स्पष्ट पारे । कांग्रेस पार्टी छोडेर रास्वपामा जाँदा गल्ती भएको स्वीकार गर्दै उनले कमजोरीसँग पार्टीभित्रै बसेर संघर्ष गर्नुपर्ने भएपनि आफ्नो स्वभावका कारण त्यसरी बस्न नसकेको बताउँदै उनले भने, 'कांग्रेसमा कमजोरी थिए तर, त्यो कमजोरीसँग भित्रै बसेर लड्नुपर्ने थियो । मेरो स्वभावले त्यो गर्न सकेन, रिसाएर बाहिरिएँ,' अहिले पनि ती दिन सम्झेर पछुतो लागिरहेको छ ।' नेता पराजुलीले वर्तमान कांग्रेस नेतृत्वप्रति विश्वास व्यक्त गर्दै सभापति गगन थापाको नेतृत्वमा युवाको क्षमतावान् टिम तयार भएको र पार्टी सुधारको दिशामा अघि बढिरहेको बताए ।

सुधारिएको कांग्रेसले देशको अभिभावकत्व निभाउने र देशलाई सही दिशा दिनसक्छ भन्ने पूर्ण विश्वास आफूलाई लागेको उनले उल्लेख गरेका छन् । उनले भने, 'सुध्रेको कांग्रेसले देशको अभिभावकत्व निभाउन सक्छ र देशलाई सही दिशा दिन सक्छ भन्ने पूर्ण विश्वासका साथ म पुनः कांग्रेसमा प्रवेश गरेको हुँ ।' नेता पराजुलीले अब कांग्रेसमा विगतको जस्तो काम गर्ने व्यक्तिलाई निरुत्साहित गर्ने प्रवृत्ति हुन नहुने बताए । २०७९ को प्रतिनिधिसभा निर्वाचनमा पराजुली मकवानपुर-२ मा रास्वपाबाट उम्मेदवार बनेका थिए । प्रत्यक्षतर्फ पराजुलीले १२ हजार ५९ मत प्राप्त गरेका थिए ।

कांग्रेसकी निवर्तमान सहमहामन्त्री एवम् मकवानपुर क्षेत्र नं. १ का उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले पार्टीभित्र एउटालाई न्याय गर्दा अर्कोलाई अन्याय हुन पुगेको बताइन् । पार्टीभित्र सदस्यलाई मिलाएर लैजान नसकेको स्वीकार गर्दै उनले सुधारिएको कांग्रेसले अब त्यस्तो गल्ती नगर्ने दाबी गरिन् । पार्टीमा फर्केका सदस्यलाई न्याय दिन निम्ति आफूले अभिभावकत्व ग्रहण गर्ने पनि उनले बताइन् । उपाध्यायले आफूले लामो समयदेखि मकवानपुर क्षेत्र नम्बर-१ का जनताको सुख-दुःखमा साथ दिँदै आएको उल्लेख गर्दै जनताले आफ्नो कामको मूल्यांकन गर्ने विश्वास व्यक्त गरिन् । उनले भनिन्, 'म पदमा हुँदा होस् वा नहुँदा, जनताका लागि निरन्तर काम गर्दै आएको छु । विकास, समावेशिता र जनजीविकाका मुद्दामा मैले निरन्तर आवाज उठाएको छु । त्यसैले यसपटक जनताको साथ कांग्रेसलाई नै प्राप्त हुनेमा म विश्वस्त छु ।'

त्यस्तै, क्षेत्र नम्बर-२ का उम्मेदवार बुद्ध लामाले पनि आफूले पार्टी नेतृत्वमा रहँदा तथा व्यक्तिगत पहलमा जिल्लाको विकासका लागि गरेका कामका कारण मतदाताको विश्वास कांग्रेसप्रति अझ मजबुत बनेको बताए । उनले भने, 'हामी चुनावका बेलामात्र देखिने नेता होइनौं । जनताको बीचमै बसेर काम गरेका कारण जनताले यसपटक पनि हामीलाई नै रोज्नेछन् भन्नेमा ढुक्क छौं ।' उनले कांग्रेसले अघि सारेका स्थायित्व, सुशासन र विकासका एजेण्डाले मतदातालाई आकर्षित गरिरहेको दाबी गरे । लामाका अनुसार मकवानपुरका दुबै क्षेत्रमा कांग्रेसको संगठन बलियो रहेकाले परिणाम पनि सकारात्मक आउने अपेक्षा गरिएको छ ।

कार्यक्रममा कांग्रेस मकवानपुरका पूर्वसभापति रामचन्द्र अर्याल माइकलले लोकतान्त्रिक मूल्यमान्यतामा विश्वास राख्ने सबैलाई कांग्रेसमा स्थान रहेको उल्लेख गर्दै पार्टी अझ बलियो बन्दै गएको बताए । उनले भने, 'देशको राजनीतिक स्थायित्व र लोकतान्त्रिक भविष्यका लागि कांग्रेस नै भरपर्दो शक्ति हो भन्ने बुझाइ समाजमा बढ्दै गएको छ । त्यसैले विभिन्न दलबाट नेता तथा कार्यकर्ताहरु कांग्रेसमा समाहित हुने क्रम बढेको हो ।' कार्यक्रममा सहभागी नेताहरुले नवप्रवेशीलाई पार्टीमा स्वागत गर्दै आगामी निर्वाचनमा संयुक्तरुपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए । कांग्रेस मकवानपुरले यसलाई संगठन सुदृढीकरणको महत्वपूर्ण कदमका रुपमा लिएको जनाएको छ । पत्रकार सम्मेलनमार्फत् कांग्रेसले मकवानपुरका दुबै निर्वाचन क्षेत्रमा चुनावी माहोल पक्षमा बन्दै गएको संकेत गर्दै आगामी निर्वाचनमा विजय हासिल गर्ने दाबी पुनः दोहोऱ्याएको छ ।

मकवानपुरमा स्वास्थ्यकर्मीलाई बिदा नबस्न निर्देशन

# निर्वाचनलक्षित स्वास्थ्य तयारी तीव्र



साझाकुरा संवाददाता


हेटौंडा, १३ फागुन/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै मकवानपुर जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित महत्वपूर्ण तयारीका निर्णय गरेको छ ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीको अध्यक्षतामा बसेको समितिको बैठकले निर्वाचन अवधिमा सम्भावित विपद् तथा आकस्मिक अवस्थालाई मध्यनजर गर्दै जिल्लाभर स्वास्थ्यसेवा प्रणालीलाई तयारी अवस्थामा राख्ने निर्णय गरेको हो । बैठकले निर्वाचनको समयमा जिल्लाका सबै स्थानीय तहमा तत्काल परिचालन गर्न सकिने गरी साधन-स्रोतसहितको आपतकालीन स्वास्थ्य टोली तयारी अवस्थामा राख्न जनस्वास्थ्य कार्यालय मकवानपुरमार्फत् सबै स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

जिल्लाभित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थालाई आवश्यक जनशक्ति तथा उपकरण तयारी अवस्थामा राख्न समेत निर्देशन दिइने भएको छ । निर्वाचन अवधिलाई ध्यानमा राख्दै हेटौंडा अस्पताललाई आवश्यक साधन-स्रोतसहित तयारी अवस्थामा रहन र त्यसको विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउन निर्णय गरिएको छ । जिल्लाभित्र सञ्चालनमा रहेका दमकल तथा एम्बुलेन्सहरुलाई जुनसुकै समयमा प्रयोग गर्न सकिने गरी पूर्णरुपमा चालु अवस्थामा राख्न सम्बन्धित निकायलाई पत्राचार गरिने भएको छ । निर्वाचनको संवेदनशीलतालाई ध्यानमा राख्दै यो अवधिमा जिल्लाका सम्पूर्ण स्वास्थ्य जनशक्तिलाई बिदामा नबस्न र जिल्ला नछोड्न आवश्यक व्यवस्था मिलाउन जनस्वास्थ्य कार्यालय मकवानपुर मार्फत सबै स्थानीय तह तथा स्वास्थ्य संस्थालाई निर्देशन पठाउने निर्णय गरिएको छ ।

विपद् व्यवस्थापन समिति अन्तर्गतका सबै निकाय तथा पदाधिकारीले निर्वाचन लक्षित सम्भावित विपद्जन्य घटनाको पूर्वतयारी, उद्दार तथा व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाउने निर्णय भएको छ ।

बैठकपछि प्रजिअ अधिकारीले निर्वाचनलाई सुरक्षित र व्यवस्थित बनाउन स्वास्थ्यक्षेत्रको तयारी अत्यन्त आवश्यक रहेको बताउँदै भने, 'निर्वाचनको समयमा कुनै पनि आकस्मिक अवस्था सिर्जना भएमा तत्काल प्रतिक्रिया दिन सक्ने गरी स्वास्थ्य तथा उद्दार संयन्त्रलाई तयारी अवस्थामा राख्ने निर्णय गरिएको हो ।'




# ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा दुईजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ पूर्वपश्चिम राजमार्गअन्तर्गत मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१९ बस्तीपुरमा ट्रकले मोटर साइकललाई ठक्कर दिँदा दुईजनाको मृत्यु भएको छ ।

बुधबार बिहान भएको दुर्घटनामा मोटरसाइकल चालक मकवानपुर राक्सिराङ गाउँपालिका-१ निवासी २२ वर्षीय सञ्जित स्याङतान र सोही मोटरसाइकलमा पछाडि सवार १८ वर्षीय अमोश थिङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । ट्रकको ठक्करबाट गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि चुरेहिल अस्पताल पठाइएमा उपचारको क्रममा उनीहरुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक पुस्कर बोगटीले जानकारी दिएका छन् ।

हेटौंडा बजारबाट मनहरी तर्फ जाँदै गरेको ना ४३ प २२१ नम्बरको मोटरसाइकललाइ नेवार पानीबाट हेटौंडातर्फ आउँदै गरेको ग २ ख ८९८ नम्बरको ट्रकले बस्तीपुरमा ठक्कर दिएको इलाका प्रहरी कार्यालय नेवारपानीले जनाएको छ । दुर्घटनापछि फरार भएको ट्रकलाई पर्सा वीरगञ्ज महानगरपालिका-१३ प्रतिमाचोक स्थित ग्यारेजबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । ट्रकचालक बारा जीतपुरसिमरा उपमहानगरपालिका-३ निवासी ३६ वर्षीय अनिल साह फरार रहेका छन् । साहको खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

साझाकुरा

## हाम्रो कुरा

# भयानक बन्दै सवारी दुर्घटना

बुधबार बिहानै वस्तीपुरमा मोटरसाइकललाई ट्रकले ठक्कर दिंदा दुईजना युवाको ज्यान गयो । ठक्कर दिने ट्रक बस्तीपुरबाट हेटौंडा-पथलैया हुँदै एक दर्जन प्रहरी सुरक्षा चौकी पार गर्दै बीरगंज पुग्यो । पछिल्ला दिनमा नेपालमा सवारी दुर्घटना भयानक बन्दै गएको छ । दुर्घटनामा मृत्यु हुने परिवारमा जति पीडा देखिन्छ त्यस्तै घाइतेको परिवारमा पनि पीडा दिएको छ । प्रहरीको तथ्यांक हेर्दा दुर्घटनामा सबै भन्दा बढी मोटरसाइकल पर्ने गरेका छन् । पछिल्ला तीन महिनाका अवधिमा ७ हजार २९६ वटा मोटरसाइकल दुर्घटनामा परेका छन् । त्यसपछि कार र जिप दुर्घटनामा पर्ने गरेको प्रहरीले जनाएको छ । तीन महिनाको अवधिमा १ हजार ९३८ वटा कार र जिप दुर्घटनामा परेका छन् । दुर्घटनाका कारणले मानवीय क्षतिसँगै सवारी क्षति हुने गरेको छ । गत मंसिरमा २ हजार ९९७ वटा, पुसमा २ हजार ७५६ वटा र माघमा २ हजार ६६९ वटा गरी जम्मा ८ हजार ४२२ वटा सवारी दुर्घटनामा परेको प्रहरीको तथ्यांकमा छ । पछिल्लो समयमा आफैं अनियन्त्रित भई सवारीसाधन दुर्घटना हुने क्रम बढेको छ ।

चालु आवको तीन महिनामा (मङ्सिर, पुस र माघ) मात्रै ८ हजार ४ सय २२ वटा सवारी दुर्घटना भएको नेपाल प्रहरीको तथ्यांक छ । देशभर दैनिकरुपमा सवारी दुर्घटनाका घटना बढ्दै गएका छन् । ट्राफिक प्रहरीका अनुसार राजमार्गदेखि सहरी सडकसम्म साना-ठुला दुर्घटनाको संख्या उल्लेख्यरुपमा वृद्धि भएको छ । अत्याधिक गति, मादकपदार्थ सेवन गरी सवारी चलाउने प्रवृत्ति, सवारीसाधनको प्राविधिक कमजोरी तथा सडकका अवस्थाका कारण दुर्घटना दुर्घटना बढी रहेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा २८ हजार ६९२ वटा सवारी साधन दुर्घटनामा परेका थिए । यो पछिल्लो १० वर्षयताकै ठुलो आँकडा हो । आव २०७२/७३ मा १० हजार, आव ०७३/७४मा १० हजार १७४, आव ०७४/७५ मा १० हजार ९ सय, आव ७५/७६मा १३ हजार ३ सय, ०७६/७७ मा १५ हजार ५सय, ०७७/७८मा २० हजार ६ सय, ०७८/७९ मा २४ हजार ५ सय, ०७९/८० मा २३ हजार ५ सय, ०८०/८१ मा २२ हजार ९ सय र चालु आव २०८२/८३ माघसम्ममा १९ हजार ३०५ सवारी साधन आफैं अनियन्त्रित भई दुर्घटनामा परेका छन् । यसवर्षको पछिल्लो तीन महिनामा नै ८ हजार ४२२ वटा सवारीसाधन आफै अनियन्त्रित भई दुर्घटनामा परेका छन् । प्रहरीको तथ्यांकका आधारमा दैनिक ६ जनाको दुर्घटनाका कारण मृत्यु हुने गरेको छ । प्रहरीकाअनुसार डोजर, लोडर, काभेटर, टिपर, ट्रक, माइक्रो, जिप, कार, टेम्पो, टयक्टर, मोटरसाइकललगायत सवारीसधान दुर्घटनामा पर्ने गरेका छन् । फागुन ११ मा धादिङ बस दुर्घटनामा हुँदा १९ जनाको ज्यान गयो । दुर्घटनामा परेकालाई रातिको समयमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय ज्याफ्टिङ व्यवसायीले उद्दार गरेका थिए । गतवर्षको असारमा चितवनको सिमलतालस्थित नारायणगढ-मुग्लिन सडकखण्डमा दुईवटा बस दुर्घटनामा परेका थिए ।

विशेष गरी पृथ्वी राजमार्ग, पूर्वपश्चिम राजमार्ग, त्रिभुवन राजपथ, कान्तिराजपथलगायतका व्यस्त राजमार्गमा दैनिक जसो सवारी ठोक्किने, बस पल्टिने तथा मोटरसाइकल दुर्घटनाका घटना भइरहेका छन् । यी त केही घटनाका उदाहरण मात्रै हुन् । यस्ता घटना पछिल्लो समयमा दैनिक जसो हुने गरेको प्रहरीले जनाएको छ । सडक प्रयोगकर्ता स्वयंले ट्राफिक नियमको पालना गर्नुपर्ने हो । सडक सुरक्षाको लागि सबै सरोकारवालाबीच आपसी समन्वय र सहकार्य आवश्यक छ । ट्राफिक व्यवस्थापन अत्यन्तै चुनौतीपूर्ण बन्दै गएको छ । ज्ञान र अनुभवले ट्राफिक प्रहरीको व्यावसायिक क्षमता, विश्लेषणात्मक सोच, निर्णय क्षमता तथा नेतृत्व विकासमा टेवा मिल्ने हो । राजमार्गमा मात्र नभइ काठमाडौं उपत्यकाभित्र पनि ट्राफिक नियम उल्लंघनका कारण दुर्घटनाका घटना हुने गरेका छन् । सडक दुर्घटना न्यूनीकरणमा ट्राफिक प्रहरीका साथसाथै सडकको गुणस्तर, सडकको क्षमता, सवारीसाधनको गुणस्तर, सवारीचालक र अन्य समुदायको चेतना र आचरणको ठुलो भूमिका रहने प्रहरी बताउँछन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन १५ गते शुक्रबार २७ फेब्रुअरी २०२६ । एकादशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३३ सूर्यास्त ६:०२ । राष्ट्रिय मगर दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ नतिजा आउनेछ | तुला | : घरेलु समस्याले सताउनेछ |
| वृष | : दिन रमाइलो हुनेछ | वृश्चिक | : आफन्तले धोका दिन सक्नेछन् |
| मिथुन | : मन खिन्न हुनेछ | धनु | : मनमा उमङ्ग बढ्नेछ |
| कर्कट | : शरीरमा स्फुर्ती बढ्नेछ | मकर | : रमाइलो छोटो यात्रा हुनेछ |
| सिंह | : घरायसी मेलमिलाप हुनेछ | कुम्भ | : काम गर्ने आत्मबल बढ्नेछ |
| कन्या | : पढाइलेखाइमा सफलता मिल्नेछ | मीन | : अरुको विश्वास जित्न सकिनेछ |

# आम निर्वाचन २०८२: नेताभन्दा नागरिकको परीक्षा



✍कञ्चन

**"इम्प्टी सिग्निफायर"**

भाषाविज्ञानको आधारभूत अवधारणाको रूपमा सिग्निफायर (सूचक) र सिग्निफाइड (सूचित) लाई हेर्ने गरिन्छ । सूचकले शब्द स्वयम्लाई नै जनाउँछ भने सूचितले उक्त शब्दले अभिप्रेरित गरेको अर्थ या वस्तुलाई जनाउँछ । दैनिक जीवनका सामान्य संवादहरूमा सूचक र सूचित एक-अर्कासँग जोडिएका हुन्छन् । तर, आम रूपमा राजनीतिमा भने सूचक र सूचितको सम्बन्ध टुट्ने गर्छ ।

राजनीतिक सिद्धान्तकार अर्नेस्टो लाक्लाउले यस्ता रिक्त सूचकहरू या शब्दहरूलाई 'इम्प्टी सिग्निफायर' को नाम दिएका छन् र यस्ता किसिमका रिक्तताहरूमा प्रत्येक नागरिकले आफूअनुसारको अर्थ भर्ने काम गर्छन् । जे सुन्न चाह्यो, त्यही भर्ने काम गर्छन् ।

राजनीतिज्ञहरूले यी शब्दहरूको खास अर्थ लगाउँदैनन् किनभने अर्थ खुलाउँदा उनीहरूको शक्तिलाई नष्ट गरिदिन्छ । यदि "क्रान्ति" को एउटा निश्चित र मूल अर्थ हुने हो भने, यसले त्यो विशेष परिभाषासँग सहमत हुने मानिसहरूको सानो समूहलाई मात्र आकर्षित गर्नेछ ।

**बालेनको विकासदेखि प्रचण्डको इन्कलाबसम्म**

रास्वपाका नेता बालेन शाहले धनगढीमा आयोजित कार्यक्रममा गएर गरेको भाषण जम्मा ३ मिनेटको थियो । लम्बेतान चुनावी भाषणहरू सुन्दासुन्दा कान पकाइसकेका नागरिकहरूले बालेनको संक्षिप्त भाषणको प्रशंसा पनि गरे । हुन पनि हो, भाषणको लम्बाइभन्दा गहिराइ खोजिनुपर्ने बेलामा बालेनको भाषणको लम्बाइकै आधारमा आलोचना भने गरिनु हुँदैन । बालेनले उक्त भाषणमा भनेको कुरालाई केही वाक्यमा संक्षेपीकृत गर्न सकिन्छ । 'सुदूर पश्चिमलाई सु-नजिक प्रदेश बनाउनुपर्‍यो । उम्मेदवारलाई हाम्रो कामको लिस्ट दिनुस् । भोट नदिए पनि हुन्छ, काम दिनुस् ।'

यसपश्चात्का बालेनका भाषणहरू लगभग यही प्रकृतिका छन् । उनी निर्वाचन क्षेत्रअनुसारका स्थानीय विशेषताअनुसार आफ्ना भाषणहरूको रूप मात्र परिवर्तन गर्दै गइरहेका छन् । इटहरीमा जाँदा उनले उद्योग, कृषि र प्रकोपका विषयमा भएका समस्याहरू समाधान गर्न चाहेको पार्टी रास्वपा बन्न चाहेको बताए । उदयपुर होस् या कर्णालीका विकट बस्तीहरू, उनले यस्तै किसिमका भाषणहरू दिने गरेका छन् । उनले उठाएका समस्याहरू जायज छन् र विकासोन्मुख देशहरू जहाँ भौतिक पूर्वाधारको अभाव छ, त्यसलाई बालेनले राम्रैसँग बुझेको अनुमान लगाउन सकिन्छ ।

रवि लामिछानेको भाषणको प्रकृति हेर्ने हो भने चाहिँ उनी परिवर्तन गर्न सक्ने नेताभन्दा पनि आक्रोशलाई एक बिन्दुमा केन्द्रीकृत गर्न मात्र सक्ने प्रकृतिका देखिन्छन् । उनी परिवर्तन, समृद्धि, विकास आदि शब्दलाई लगातार प्रयोग गरेर लामो भाषण दिन सक्छन् तर ती शब्दहरूलाई ठोस आकार दिएर आफ्नो विचार भने राखेको देखिएको छैन । पपुलिस्ट पत्रकारको छवि अझसम्म नमेटिएर होला, उनी विकास, परिवर्तन, समृद्धि जस्ता शब्दहरूलाई पनि कुनै बौद्धिक आधारबिना 'फास्ट फुड' झैँ क्षणिक महत्त्वका कुराहरू सम्झेर बोल्ने गर्छन् । सामाजिक सञ्जाल फेसबुकमा रहेको एउटा भिडियोमा रविलाई एक महिला पात्रले उनका एजेन्डाविषयक प्रश्नहरू सोध्छिन् र रविले फेरि पनि विकास, समृद्धि र रोजगारीजस्ता ठूलाठूला विषय उठाएर प्रश्नको तौलबाट पन्छिन खोज्छन् ।

एमालेका सर्वेसर्वा केपी शर्मा ओली (सीके लालको भाषामा 'ओली राजनीति') मा भने यस्तो प्रवृत्तिका अग्रदूत नै हुन् । ह्युमर र ठूलाठूला शब्दहरूको प्रयोग गरेर प्रत्येक प्रश्नको जवाफ फर्काउन सक्ने ओलीले अझ रविभन्दा एक तहमाथि पुगेर उग्र राष्ट्रवादको नारा प्रयोग गर्न अलिकति पनि हिचकिचाहट मान्दैनन् । भाषणमा मात्र नभई विभिन्न पत्रपत्रिकामा लेखिएका लेखहरूसमेतमा सत्य, निष्पक्ष, देशप्रेमका अमूर्त अवधारणाहरूमा परिक्रमा गर्ने गरेका छन् । नेताहरूले देशलाई मात्र नभई शब्द र भाषाहरूप्रति गरेको अन्यायको समेत अध्ययन गर्ने हो भने राम्रो शोध बन्न सक्नेछ ।

उग्रवामपन्थी धाराबाट लोकतान्त्रिक हुँदै हिन्दुवादको समेत साङ्केतिक वरण गर्न पुगेका प्रचण्ड पनि 'उही ड्याङकै' प्रवृत्ति देखाइरहेका छन् । लामो समयपछि मधेसमा पदार्पण गर्न पुगेका प्रचण्डले इन्कलाबसमेत गाए । मधेसको समस्यासँग प्रचण्ड आफैं कत्तिको परिचित छन् भन्ने कुरा उनका शास्त्रीय मार्क्सवादी ज्ञान-गीत पेलानले नै थाहा पाइहालियो, तर पनि आफ्नो बानीमा अलिकति पनि संयम नराखी 'माओवादीबिना देश बन्दैन' जस्ता मुखर बयान गर्न उनी छाड्दैनन् । यस्तै किसिमका विकास, प्रगति, समृद्धि, राष्ट्रियता, रोजगार, इन्कलाब जस्ता शब्दहरूको तीव्र ध्वनिले हामीभित्रको जिज्ञासु प्राणीलाई हतप्रभ तुल्याउन सक्छ । हाम्रो प्रश्न गर्ने साहसलाई अवमूल्यन गर्न सक्छ । यस्ता इम्प्टी सिग्निफायरहरूदेखि बेलैमा सचेत भएर हामीले प्रत्येक राजनीतिक दलहरूको अन्तर्य बुझ्न भने सक्नुपर्छ ।

**किन गर्नुपर्छ प्रश्न ?**

प्रजातन्त्रको आगमनअगाडिसम्म त नेपाली नागरिकहरूलाई आफ्ना मूलभूत चाहनाहरू नै के थिए भन्ने कुरा थाहा थिएन । शासकको चाहना नै जनताको चाहना हुने समाज परिवर्तन भएर लोकतन्त्रमा आइपुग्दा पनि नागरिकको चाहना के हो भन्ने कुरा अझै नागरिकको हातमा नभएको कुरा हामीले देखिरहेकै हौँ । नेपाललाई आफ्ना आवश्यकताहरूबारे बेखबर राखेर युरोपको विकासका उदाहरण देखाउने अभ्यासलाई यसको दोष जान्छ ।

तेस्रो विश्वमा वैकल्पिक अर्थतन्त्रको कल्पना गर्नुपर्नेमा दलका भुइँ नटेकेका घोषणापत्रहरूले फेरि महत्त्वाकाङ्क्षाको पुरानै दौडमा प्रवृत्त गराएका छन् । आर्थिक वृद्धिदरका ठूलाठूला गफहरूमा नेपालको माटो र आवश्यकता सुहाउँदो अर्थतन्त्र भने डाक्टर भएका अर्थशास्त्रीहरूले पनि छाडेका छन् । इतिहासमा आदर्शहरूले ठोस समस्याहरूलाई उपेक्षा गर्दा राजनीति चक्रव्यूहमा फसेका उदाहरणहरू प्रशस्त छन् । कतै यो आर्थिक समृद्धिले हामीलाई आफ्नै अर्थ हेरेर पश्चात्ताप गर्नुपर्ने अवस्था त आउँदैन भनेर सन्देह गर्नुपर्ने अवस्था छ ।

त्यस्तै गठबन्धनका कुराहरूमा पनि हामीले प्रश्न गर्नुपर्नेछ । गठबन्धनहरूको निश्चित आयु नभएको कुरा असामान्य भने होइन । हुन त एक किसिमको प्रगतिशील वृत्तहरूमा हाम्रो समाजलाई स्थायित्व आवश्यक छ कि छैन भनेर पनि बहस गर्ने गरिन्छ । तर यसपटक भने यदि समाजले एउटा स्थायी सरकार प्राप्त गरेन भने समाज आफैँमा एक किसिमको शैथिल्यमा प्रवेश गर्ने देखिन्छ ।

तर सरकारको स्थायित्व भने राजनीतिक गठबन्धनले निर्माण गरेको समीकरणमा प्रमुखतः निर्भर रहने देखिन्छ । आसन्न चुनावकै अगाडि कुलमान घिसिङ नेतृत्वको समूह र रास्वपाको फुट देखिएको हो । जनतामा पार्टीको कुन वैचारिक आयाममा अमिल्दो आकृति भएर पार्टीहरू छुट्टिनुपरेको भन्ने कुराको यकिन नभएकाले एक हिसाबले जनताको निर्णयाधिकार अवमूल्यित भएको छ ।

र, समाजले आफ्नो सहभागिताको प्रश्नलाई भन्दा 'कल्ट फिगर' (Cult Figure) को खोजीलाई अधिक महत्त्व दिएको कुरा प्रस्ट भएको छ । तर बालेन र रविकै प्रवृत्ति हेर्ने हो भने नमिल्दा वैचारिक पक्षहरू छन् । यदि गठबन्धन राजनीति अङ्कगणितका लागि मात्र हो भने यी नयाँ शक्तिहरूले पनि पुरानो चाल खेल्न बाध्य हुनुपर्ने अवस्थाको आकलन जोकोहीले पनि गर्न सक्छन् ।

कहिलेकाहीँ उद्देश्य हराएको समाजले आफ्नो ऊर्जावान् र ऊर्जाशीलको परिपूरकतालाई बिर्सिएर एक तत्त्वको बलले मात्र राजनीति गर्न खोज्छ, र त्यसको मूल्य कुनै एउटा सिङ्गो समयकाल या पुस्ताले तिर्नुपर्ने अवस्था पनि आउन सक्छ । यस्तै विषयहरूलाई लिएर हामीले आफूलाई र राजनीतिक दलहरूलाई प्रश्न गर्नुपर्ने आवश्यकता छ ।

र, सबैभन्दा महत्त्वपूर्ण प्रश्न त लोकतान्त्रिक प्रक्रियाको बारेमा हुन्छ । एउटा व्यक्तिको सहाराले विकास र निर्माण मात्र सम्भव हुने भए हामीलाई लोकतन्त्रको लडाइँ गरिरहनु आवश्यक थिएन । तर लोकतन्त्रले भने नागरिकको सहभागिता र आत्मिक विकासको पक्षलाई कहिल्यै अवमूल्यन गर्दैन । नागरिकहरूलाई उनीहरू आफैँको योगदानमार्फत विकास, समृद्धिलगायतका कुराहरूको आकार दिन चाहन्छन् । तर लोकतन्त्रको संस्थागत पक्ष र प्रक्रियाहरूलाई उपेक्षा गर्नु भनेको लोकतन्त्र-विरोधी पार्टी बन्नु हो र आफ्नै विरोधाभासमा अल्झिनु हो ।

**चुनावी चटारो**

प्रतिशोध र प्रेमको दूरी अत्यन्त छोटो हुन्छ । जसरी प्रचण्ड र ओली एक पटक जनतामा लोकप्रिय बनेर आएका थिए, रास्वपाको लोकप्रियता पनि त्यस्तै किसिमको छ । पुराना राजनीतिक दलहरूले भन्ने गरेका छन् कि उनीहरूको सार्थक प्रयासले देशले लोकतन्त्र प्राप्त गरेको थियो । तर देशको व्यवस्था परिवर्तन गर्ने शक्तिहरूले नै नयाँ देशको मार्गचित्र कोर्न सक्छन् भन्ने कुरा कहिलेकाहीँ पूर्वाग्रह मात्र पनि हुन सक्छ । लोकतन्त्र र यसअनुकूलको व्यवस्थाको दुहाइ पश्चिममा अधिकतर बज्ने गर्छ । तर विश्लेषकहरूले भने लोकतन्त्रका आधार स्तम्भहरू बिस्तारै क्रमिक रूपले पश्चिमबाट नै भत्किने गरेको कुरा गरेका छन् ।

निर्वाचनबिना जनताको शक्तिको कल्पनासम्म पनि गर्न सकिँदैन, तर निर्वाचनहरू यस ढङ्गले सञ्चालित हुन थालेका छन् कि त्यहाँ जनताको स्वायत्त निर्णयाधिकार लोकतन्त्रकै तथाकथित हस्तीहरूबाट पदक्रान्त हुनुपरेको उदाहरण विश्वमानचित्रभरि छरपस्ट देख्न सकिन्छ । हुन त निर्वाचनहरूले सदैव असल व्यक्तिहरू नै छानेका छन् भन्ने तर्क आफैँमा हास्यास्पद तर्क हो । चाहे त्यो अमेरिका होस् या फ्रान्स या युक्रेन, कमजोर र अहङ्कारी प्रवृत्तिका नेतृत्व वर्गहरू निर्वाचनकै माध्यमबाट निर्वाचित हुँदा देश मात्र नभई समग्र विश्वले नै कठिन समय भोग्नुपरेको सबैलाई अवगत नै भएको कुरा हो ।

**उपसंहार**

मानिसहरूको सबैभन्दा कठोर त्रासदी भनेको नै यही हो कि उनीहरू अरूको अनुभवबाट मात्र होइन, आफ्नो अनुभवबाट समेत सिक्न असक्षम छन् । तर यसो भन्दैमा बुझ्न छाडिदिनु अकर्मण्यताको अर्को दृष्टान्त मात्र हुन जान्छ । त्यसमाथि आसन्न निर्वाचन नेताहरूभन्दा पनि नागरिकहरूको परीक्षा हो । त्यसैले इम्प्टी सिग्निफायरहरू बुझौँ, नेताको लोकप्रियताभन्दा धेरै नेताको परिपक्वता र प्रस्तता हेरौँ ।

*(साभार: अनलाइनखबर)*

# डिजिटल साक्षरता र चुनाव

✍नरेश बटाला

मोबाइल, कम्प्युटर, इन्टरनेट, सफ्टवेयर तथा डिजिटल प्लेटफर्मको प्रयोग गरी सूचना खोज्ने, मूल्याङ्कन गर्ने, सिर्जना गर्ने, सञ्चार गर्ने र सुरक्षित रूपमा प्रयोग गर्न सक्ने ज्ञान, सीप र व्यवहारको समष्टिगत रुप नै डिजिटल साक्षरता हो । कम्प्युटर चलाउन जान्नु मात्र डिजिटल साक्षरता नभई यसभित्र सूचना प्रविधिको सही समझदारी, डिजिटल नैतिकता, साइबर सुरक्षा, गोपनीयताको संरक्षण, गलत सूचना र दुष्प्रचारको पहिचान तथा डिजिटल माध्यममा जिम्मेवार आचरण गर्ने क्षमताजस्ता विविध पक्ष समावेश हुन्छन् ।

आजको बदलिँदो एक्काइसौँ शताब्दी सूचना तथा प्रविधिको नवीन र सुनौलो युग हो । आजको संसार डिजिटल प्रविधिको तीव्र विकाससँगै अभूतपूर्व रूपमा रूपान्तरित हुँदै गइरहेको छ । मोबाइल फोन, कम्प्युटर, इन्टरनेट, कृत्रिम बौद्धिकता, क्लाउड प्रविधि र सामाजिक सञ्जालले मानवजीवनका हरेक आयामलाई प्रत्यक्ष रुपमा प्रभाव पारिरहेका छन् । शिक्षा, स्वास्थ्य, कृषि, व्यापार, बैंकिङ, सञ्चार, शासन व्यवस्था र मनोरञ्जनजस्ता क्षेत्रहरू डिजिटल प्रणालीमा रूपान्तरण हुँदै गइरहेका छन् ।

यस्तो परिवेशमा डिजिटल प्रविधिको केवल प्रयोगकर्ता मात्र होइन, सचेत, जिम्मेवार र सक्षम प्रयोगकर्ता बन्न सक्ने क्षमता अर्थात् डिजिटल साक्षरता आजको अनिवार्य आवश्यकता हो । नेपालजस्तो विकासोन्मुख देशका लागि डिजिटल साक्षरता केवल प्रविधि सिकाइको विषय मात्र नभई समावेशी विकास, सुशासन र दिगो समृद्धिको आधार पनि हो । नेपालमा पछिल्ला दिनहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच उल्लेखनीय रूपमा विस्तार हुँदै गइरहेको छ ।

मोबाइल फोन प्रयोगकर्ताको संख्या तीव्र गतिमा बढेको छ भने इन्टरनेट सेवा शहरी क्षेत्रबाट ग्रामीण क्षेत्रमा विस्तार भैरहेको छ । सामाजिक सञ्जाल, अनलाइन समाचार, डिजिटल भुक्तानी प्रणाली, अनलाइन शिक्षा र सरकारी ई-सेवाहरूको प्रयोग दिन-प्रतिदिन बढ्दै गइरहेको छ । सरकारले डिजिटल नेपाल फ्रेमवर्क जस्ता नीति तथा कार्यक्रममार्फत डिजिटल पूर्वाधार विकास, ई-गभर्नेन्स, सूचना प्रविधिमा आधारित सेवा प्रवाह र डिजिटल अर्थतन्त्रमा विशेष जोड दिँदै गइरहेको छ । यसअघि कोभिड महामारीका बेला अनलाइन कक्षा, डिजिटल भुक्तानी र दूरसञ्चार सेवाको प्रयोगले डिजिटल प्रविधिको महत्व कति छ भन्ने स्पष्ट गराएको व्यहोरा सबैमा जगजाहेर नै छ । तर यति हुँदाहुँदै पनि नेपालमा डिजिटल साक्षरताको अवस्था सन्तोषजनक मान्न सकिने अवस्था भने छैन । शहरी र ग्रामीण क्षेत्रबीच डिजिटल पहुँच र सीपमा व्यापक अन्तर छ ।

दुर्गम क्षेत्रमा इन्टरनेट र विद्युत् सुविधा सीमित छ । ज्येष्ठ नागरिक, अशिक्षित समुदाय डिजिटल पहुँचबाट अझै धेरै टाढा छन् । नेपालको मोबाइल र इन्टरनेट प्रयोगकर्ताको संख्या र पहुँच बढे पनि डिजिटल साक्षरताको स्तर अपेक्षाकृत रुपमा कम छ । एक तथ्याङ्क अनुसार सन् २०२५ को अन्त्यसम्ममा नेपालमा करिब १ करोड ६६ लाख इन्टरनेट प्रयोगकर्ता छन्, जुन नेपालको जनसंख्याको करिब ५५ प्रतिशत हुन आउँछ ।

यसले इन्टरनेट पहुँचमा उल्लेखनीय वृद्धिलाई त देखाएको छ । तर डिजिटल साक्षरताको दर भने नेपालमा करिब ३१ प्रतिशत मात्र रहेको विश्लेषण गरिएको छ । त्यसै गरी, धेरै प्रयोगकर्तामा साइबर अपराध, अनलाइन ठगी, डेटा चोरी, गोपनीयता उल्लैन र गलत सूचनाबारे पर्याप्त चेतना र जानकारीको पनि कमी छ । सामाजिक सञ्जालको दुरुपयोग, अफवाह र घृणात्मक अभिव्यक्तिले समाजमा नकारात्मक प्रभाव पारिरहेको कुरा आजको तीतो सत्य हो । अहिलेको बदलिँदो युगमा डिजिटल साक्षरताविना व्यक्तिगत र सामाजिक विकास असम्भवजस्तै बन्न थालेको छ । यसको आवश्यकता हरेक क्षेत्रमा स्पष्ट रूपमा देखिएको छ । शिक्षा क्षेत्रमा डिजिटल साक्षरताले विद्यार्थी र शिक्षकलाई अनलाइन स्रोत, डिजिटल सामग्री र ई-लर्निङ प्लेटफर्मको प्रभावकारी उपयोग गर्न सक्षम बनाउँछ ।

आधुनिक शिक्षामा डिजिटल सीप अनिवार्य भइसकेको छ । रोजगारी र उद्यमशीलतामा डिजिटल साक्षरताले नयाँ सीप विकास, फ्रीलान्सिङ, डिजिटल व्यवसाय र नवप्रवर्तनका अवसर सिर्जना गर्छ । सुशासनका लागि, डिजिटल साक्षरताले नागरिकलाई अनलाइन सरकारी सेवा, सूचना अधिकार र ई-गभर्नेन्सको लाभ लिन सक्षम बनाउँछ । जसले पारदर्शिता र जवाफदेहिता बढाउनमा मद्दत गर्दछ ।

आर्थिक समावेशीकरणका लागि, डिजिटल बैंकिङ, मोबाइल वालेट र अनलाइन कारोबारको सुरक्षित प्रयोग गर्न डिजिटल ज्ञान आवश्यक हुन्छ । सामाजिक र सांस्कृतिक क्षेत्रमा, डिजिटल साक्षरताले जिम्मेवार डिजिटल नागरिक उत्पादन गर्छ । यसले सामाजिक सद्भाव, सूचनाको सत्यता र डिजिटल नैतिकताको संरक्षण गर्दछ ।

डिजिटल साक्षरताले व्यक्ति, समाज र राष्ट्रलाई सशक्त बनाउने महत्वपूर्ण भूमिका खेल्छ । यसले ज्ञान र सूचनामा समान पहुँच सुनिश्चित गर्न, सीपयुक्त मानव संसाधन विकास गरी आर्थिक वृद्धिमा योगदान दिन, समय, श्रम र स्रोतको बचत गर्दै कार्यक्षमता बढाउन, साइबर जोखिमबाट जोगिन र सुरक्षित डिजिटल व्यवहार अपनाउन गहन भूमिका निर्वाह गर्दछ ।

यसै बीच नेपालमा यही फागुन २१ गते प्रतिनिधिसभाको चुनाव हुन गइरहेको छ । लोकतान्त्रिक अभ्यासको सबैभन्दा महत्वपूर्ण औजारका रूपमा चुनावलाई लिइन्छ । प्रतिनिनिधिसभाको चुनावले देशको राजनीतिक दिशा निर्धारण गर्ने भएकाले यसको निष्पक्षता, पारदर्शिता र विश्वसनीयता हुन अत्यन्त आवश्यक छ । तर चुनावको मिति नजिकिएसँगै सामाजिक सञ्जालको तीव्र विस्तारले चुनावी प्रक्रियामा यसको दुरुपयोग बढ्दै जाँदा गम्भीर चुनौती देखा पर्दै छन् ।

अहिले फेसबुक, टिकटक, एक्स (ट्विटर), युट्युबजस्ता सामाजिक सञ्जालहरू राजनीतिक प्रचार-प्रसारका मुख्य साधन बनेका छन् । यी माध्यमहरू सूचना छिटो फैलाउने प्रभावकारी प्लेटफर्म भए पनि गलत सूचना, भ्रामक प्रचार, अफवाह र घृणात्मक अभिव्यक्तिको माध्यम बन्ने जोखिम पनि उत्तीकै छ । चुनाव नजिकिँदै जाँदा कुनै दल वा उम्मेदवारलाई लक्षित गरी झुटा समाचार फैलाउने, फोटो-भिडियो सम्पादन गरी गलत सन्देश प्रवाह गर्ने तथा चरित्र हत्या गर्ने प्रवृत्ति पनि बढ्दो छ । सामाजिक सञ्जालको अर्को गम्भीर दुरुपयोग 'फेक अकाउन्ट' प्रयोगमार्फत जनमत प्रभावित पार्नुसमेत हो ।

सीमित व्यक्तिहरूले सञ्चालन गरेका सयौँ नक्कली खाताहरूबाट एउटै विचारलाई व्यापक समर्थनजस्तो देखाएर मतदातालाई भ्रममा पार्ने प्रयास भएको सर्वत्र आम गुनासो सुन्न पाइन्छ । यसले स्वतन्त्र रूपमा निर्णय गर्ने मतदाताको अधिकारलाई प्रत्यक्ष असर पार्न सक्ने डर छ । यसै गरी चुनावको मिति नजिकिएसँगै चुनावको प्रचार-प्रसारमा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग तीव्र रूपमा बढिरहेको छ । एआईको माध्यमबाट राजनीतिक दल तथा उम्मेदवारहरूले मतदाताको रुचि बुझ्ने, लक्षित सन्देश प्रवाह गर्ने र प्रचार सामग्री छिटो तथा प्रभावकारी रूपमा तयार गर्ने काम गरिरहेका छन् । यसले प्रचारलाई आधुनिक, सस्तो र पहुँचयोग्य त बनाएको छ, तर एआईको प्रयोगसँगै यसको दुरुपयोगको जोखिम पनि गम्भीर बन्दै गएको छ ।

डीपफेक भिडियो, झुटा समाचार, भ्रामक अडियो र सामाजिक सञ्जालमा स्वचालित बोटमार्फत गलत सूचना फैलाउने कार्यले मतदातालाई भ्रमित पार्न सक्छन् । यसले लोकतान्त्रिक प्रक्रियालाई नकारात्मक असर पार्नुका साथै चुनावको विश्वसनीयतामै प्रश्न उठाउन सक्छ । त्यसैले निर्वाचनमा एआईको प्रयोगलाई पारदर्शी, जिम्मेवार र कानुनी दायराभित्र सीमित गर्नु आवश्यक छ । प्रविधिको फाइदा उठाउँदै दुरुपयोग रोक्न स्पष्ट नीति, जनचेतना र प्रभावकारी नियमन अपरिहार्यता त छ नै, हरेक नागरिकमा डिजिटल सारक्षता हुनु पनि उत्तिकै जरुरी छ ।

चुनावी राजनीति र लोकतान्त्रिक प्रक्रियामा जनताको सक्रिय र जानकारीमूलक सहभागितालाई मात्र पर्याप्त मान्न सकिँदैन । सही सूचनासहित त्यसलाई विश्लेषण गर्ने र निर्णय लिन सक्षम क्षमता हुनु पनि अति आवश्यक हुन्छ । यही क्षमताको आधार हो डिजिटल साक्षरता । लोकतान्त्रिक प्रक्रियामा सचेत र स्वतन्त्र निर्णय लिन तथा सामाजिक असमानता र विभाजनलाई कम गर्दै समावेशी विकासलाई अघि बढाउन डिजिटल साक्षरताको भूमिका महत्वपूर्ण हुन्छ ।

सचेत नागरिक, जिम्मेवार राजनीतिक नेतृत्व र प्रभावकारी नियमनबाट मात्र स्वस्थ लोकतन्त्रको निर्माण सम्भव हुने भएकोले स्वच्छ र पारदर्शी निर्वाचनका लागि डिजिटल सारक्षता आजको अनिवार्य आवश्यकता हो । यसमा सरोकारवाला सबै पक्ष गम्भीर बन्नुपर्छ । डिजिटल साक्षरताले नागरिकलाई सचेत, आलोचनात्मक र जिम्मेवार बनाई निष्पक्ष र स्वच्छ चुनावलाई सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ । यही भएर सरोकारवाला सबै पक्ष आपसमा हातेमालो गर्दै अघि बढ्नुपर्छ । डिजिटल साक्षरतामा लगानी अभिवृद्धि गरी नेपाललाई आधुनिक विश्वसँगै समृद्धिको यात्रामा अगाडि बढाउन सबैले सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ । यो नै डिजिटल साक्षरताको प्रमुख ध्येय हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# लोकप्रियता बटुल्न खेलाडीलाई सहयोग, प्राथमिकतामा छैन सुरक्षा योजना



काठमाडौं/नेपाली कांग्रेसले राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा' को उपचारार्थ ५ लाख सहयोग गऱ्यो । साम्बाले सोमबार सार्वजनिक रूपमा आफ्नो उपचारका लागि सहयोगको अपिल गरेकी थिइन् । त्यसपछि उपचारमा सहयोग पुऱ्याउनु सबैको कर्तव्य हो भन्दै मंगलबार सहयोग गरेको कांग्रेसले खेलाडी उपचारको जिम्मा राज्यले लिनुपर्छ भन्ने बारेमा चुँइक्क बोलेन । बरु साम्बालाई सबैले साथ दिन जरुरी रहेको तर्क गऱ्यो ।

नेकपा एमालेका उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङले सामाजिक सञ्जालमार्फत साम्बाको उपचारका लागि सहयोग गर्न अपिल गरे । पटकपटक मन्त्री भइसकेका गुरुङले देशका लागि रगत पसिना बगाउने खेलाडीको उपचार सरकारले नै गर्नुपर्छ भन्नेबारे मुख खोलेनन् । एमालेकै विद्यार्थी संगठन अनेरास्ववियुले साम्बाको उपचारका लागि 'हिल साम्बा' सहयोग अभियान चलाउने निर्णय गऱ्यो ।

सबैभन्दा धेरै समय सत्तामा रहेका यी दुई पार्टी नै पपुलारिटीको पछि दौडेको यो एक उदाहरण मात्र हो । आफू सत्तामा हुँदा वास्ता नगर्ने र पपुलर हुनका लागि खेलाडीलाई सहयोग गरेजस्तो गर्ने प्रचलन नेपाली राजनीतिमा व्याप्त छ । जुन घटना साम्बाको विषयमा पनि देखियो । नीति बनाउने ठाउँमा पुगेका ती पार्टीका नेताहरू नै सस्तो लोकप्रियताका लागि खेलाडीलाई सहयोग गरेको नाटक गरे । तर, नीति र योजना बनाउन दबाब भने दिन सकेनन् ।

नीति बनाउने अधिकार हुँदाहुँदै राजनीतिक दलहरूले लोकप्रियताका लागि सहयोग गरेजस्तो गरेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य डा. मधुसुधन सुवेदी बताउँछन् । खेलकुद व्यवस्थापनमा पिएचडी गरेका डा. सुवेदीले कानुनी रूपमा सुनिश्चित खेलाडी केन्द्रित नीति निर्माणमा ध्यान दिन राजनीतिक दललाई सुझाव दिन्छन् ।

'यस्तो सहयोग चुनावको मुखमा मात्र किन देखियो ? नीति बनाउने अधिकार हुँदाहुँदै खेलाडीलाई दानको प्रतिक्षामा राख्नु र चुनाव अघि सहयोग घोषणा गर्नु खेलाडी कल्याणभन्दा बढी राजनीतिक स्टन्ट जस्तो देखिन्छ,' उनी भन्छन् ।

२ सय पेजको प्रतिज्ञा पत्र सार्वजनिक गरेको कांग्रेसले एक वाक्यमा चोटपटकको निशुल्क उपचार गर्ने घोषणा गरेको छ । त्यसमा कस्तो खेलाडी के कसरी भन्नेबारे कांग्रेसले खासै बोलेको छैन । अन्तर्राष्ट्रिय प्रतियोगिताको तटस्थ आयोजना स्थलको रुपमा स्थापित गर्ने महत्वाकांक्षी अठोट गरेको कांग्रेसले खेलाडी सुरक्षाका लागि भने खासै शब्द खर्चिएको छैन । नेकपा एमालेले पनि खेलाडीको उपचारको सन्दर्भमा घोषणा पत्रमा केही बोलेको छैन । अन्तर्राष्ट्रिय पदक जित्ने खेलाडीलाई आकर्षक पुरस्कार र सम्मान उपलब्ध गराउने योजना एमालेको छ । खेलकुदमार्फत पपुलारिटी खोज्ने एमाले खेलाडीको नीति बनाउने कुरामा घोषणा पत्रमा समेत पछि छ ।

भौतिक पूर्वाधार मात्रै खेलकुदको विकास देखेको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को प्रतिबद्धता पत्रले खेलाडीको सुरक्षालाई खासै छोएको छैन । खेलाडीको स्वास्थ्य सेवालाई निशुल्क बनाउने बखान नेकपाले गरेको छ । त्यसबाहेक खेलाडीको सुरक्षाका लागि नीति बनाउने नेकपाको योजनामा पनि देखिँदैन ।

खेलकुदमा प्रशासनीय सुधार गर्ने घोषणा गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीले पनि घोषणा पत्रमा खेलाडीको स्वास्थ्य सुरक्षाको विषयमा खासै ध्यान दिएका छैनन् । रास्वपाले वाचापत्रमा खेलाडीको नियमित स्वास्थ्य परीक्षण र जीवनशैली सुधार लाई जोड दिएको छ ।

राप्रपाले खेल र खेलाडीको प्रशिक्षणलाई उच्च प्राथमिकता दिने घोषणा गर्दा उज्यालो पार्टीले खेलाडीलाई मासिक पेन्सन दिने योजना अघि सारेका छन् ।

दलहरूले भनेका कुरा नीतिमा पनि नभएका होइनन् । खेलाडीको उपचारका लागि निशुल्क भन्दै गफ दलहरूले दिइरहेका छन् । खेलाडीलाई आपत् विपदमा सहयोग गर्ने उद्देश्यले राष्ट्रिय खेलाडी कल्याणकारी कोष स्थापना गरिएको छ । तर, त्यसमा बजेट छुट्याउन तीनै राजनीतिक दलका नेता कन्जुस्याइँ गर्छन् । जसको फलस्वरुप साम्बा जस्ता कैयौं खेलाडी आफ्नो उपचारका लागि सार्वजनिक रुपमा अपिल गर्न बाध्य छन् । खेलाडी कल्याणकारी कोषका सदस्य सचिव दीपक श्रेष्ठ भन्छन्, 'सरकारले कोषका लागि बजेट नै छुट्याउँदैन । त्यसकारण चाहेर पनि खेलाडीको सबै आवश्यकता परिपूर्ति गर्न सकिने अवस्था छैन ।'

खेल जीवनसँगै खेलपछिको जीवन पनि सम्मानपूर्वक विताउन सक्ने स्थिति बनाउने नीति नहुँदा खेलाडी उपचारमा समस्या आउने गरेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समानुपातिक बन्द सूचीमा रहेका पूर्व क्रिकेटर ज्ञानेन्द्र मल्ल बताउँछन् । रास्वपाले खेलाडीको भावनालाई जोडेर वाचा पत्र तयार गरेको मल्लको तर्क छ । 'ज्यान मन लगाएर खेल्ने खेलाडीको सुरक्षा चाहिन्छ नै,' उनी भन्छन्, 'खेल जीवन मात्र होइन, त्यसपछिको जीवनको सुरक्षाको विषय, सम्मानपूर्वक जीवन बिताउन सक्ने खालको नीतिहरू ल्याउनुपर्छ ।' साम्बाले आर्थिक सहयोगका लागि अपिल गर्दा मन्त्री भइसकेका कमल थापा र सुदन किराती जस्ता नेताहरूले ढाँडस दिए । तर, तीनै साम्बाको गोलले नेपालले खेल जित्दा बधाईले सामाजिक सञ्जाल रंग्याउने केही शीर्ष नेताहरू साम्बाले सहयोग माग्दा चुइक्क बोल्न सकेनन् ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पूर्व सदस्य सचिव केशवकुमार विष्टले कसले बढी सहयोग गर्ने भन्नेमा राजनीतिक दलहरू गएको बताउँछन् । 'राजनीतिक दलहरू निर्वाचनको मुखमा पनि भएर होला । कसले बढी सहयोग गर्ने भन्नेमा गए, उनी भन्छन्, 'राज्यलाई दबाब दिएर उपचार गर्नुपर्ने हो ।'

राजनीतिक दलहरू खेलाडीको पक्षमा नरहेको राखेपका पूर्व सदस्य सचिव युवराज लामा सुनाउँछन् । 'दलहरूले खेलकुदमा निर्वाचनका बेला महत्वकांक्षा कुरा राख्ने तर, व्यवहारमा भने कसरी आफ्नो कार्यकर्ता कसरी भर्ना गर्नेतिर जान्छन्,' उनी भन्छन्, 'दलहरू खेलाडीको पक्षमा देखिँदैनन् । घोषणा पत्रमा यसरी गर्छु भन्ने उल्लेख छैन । जनता झुक्याउने कुरा हो ।'

साम्बालाई सहयोग गरेर दलहरूले निर्वाचनको मुखमा सेन्टिमेन्ट लिन दलहरूले सहयोग गरेको लामाको अनुभव छ । 'निर्वाचनको मुखमा दलहरूले खेलाडी/खेलप्रेमीको सेन्टिमेन्ट लिन त्यो गरेका हुन्' उनी भन्छन्, 'एन्फा र राज्य निरिह बन्दा यो अवस्था आएको हो ।'

*(स्रोत: अनलाइनखबर)*

# चण्डिका माविको ४७ औं वार्षिकोत्सव सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ मकवानपुरगढी गाउँपालिका-२, शिखरकटेरीस्थित चण्डिका माध्यमिक विद्यालयले तीन दिवसीय खेलकुद कार्यक्रमको आयोजना गरी ४७ औं वार्षिकउत्सव सम्पन्न गरेको छ ।


विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार लामाको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको विद्यालयका प्रधानाध्यापक कमल फुँयालले जानकारी दिए । विद्यालयले वार्षिकउत्सवको अवसरमा एक कक्षादेखि १२ कक्षासम्मका विद्यार्थीलाई विविध खेलकुद कार्यक्रमको आयोजना गरेको थियो । विद्यालयले नर्सरी र केजी कक्षाका विद्यार्थीका लागि बेलुन फुटाई, १-२ कक्षाका लागि चकलेट दौड, तीन कक्षाका लागि चम्चा दौड, चार कक्षाका लागि सियोधागो दौड, पाँच कक्षाका लागि म्युजिकल चेयर प्रतियोगिता गरेको हो ।

६ देखि ८ कक्षाका विद्यार्थीका लागि बेलुन डान्स र ९ देखि १२ कक्षासम्मका विद्यार्थीलाई भलिबल प्रतियोगिताको आयोजना गरेको थियो । प्रतियोगितामा प्रथम द्वितीय र तृतीय हुने विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको हो । वार्षिकउत्सवको अवसरमा विद्यार्थीले गायन तथा नृत्य प्रस्तुत गरेका थिए । सोही अवसरमा कक्षा १ देखि १२ सम्म २०८१ सालको परीक्षामा कक्षागत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो । विद्यालयका सबै शिक्षक र कर्मचारीलाई सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रममा प्रधानाध्यापक फुँयालले विद्यालयको प्रतिवेदन पेश गरेका थिए ।

विद्यालयलाई शैक्षिक उन्नयनका लागि सहयोग उपलब्ध गराउने व्यक्ति तथा संस्थालाई विद्यालयले सम्मानपत्रसहित सम्मान गरेको छ । विद्यालयलाई बस सञ्चालनका लागि विद्यालयका पूर्वप्रधानाध्यापक दाशरथी उपाध्यायले ४१ हजार, महिला आवाज सहकारीले २२ हजार ५ सय, श्रमिक दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले १५ हजार ५ सय, महाकाली दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले १५ हजार र चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहले १५ हजार रुपैयाँ प्रदान गरेको छ । शिवम सिमेन्ट लिमिटेड, मोडर्न इन्फ्रास्ट्रक्चर प्रालिले २ सय लिटर तेल र नियमित सहयोग गर्ने बताएको प्रधानाध्यापक फुँयालले जानकारी दिए । प्राप्त नगद विद्यालयले बस सञ्चालनको लागि प्रयोग गरिनेछ ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मानकुमारी पाख्रिन, प्रमुख प्रशासकीय अधिकृत सुदन लामिछाने, शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख रामबहादुर घलान, १ नम्बर वडाअध्यक्ष तथा सामाजिक विकास समितिका अध्यक्ष आइतसिंह लो र २ नम्बर वडाअध्यक्ष बखानसिंह पाख्रिनको विशिष्ट आतिथ्य रहेको थियो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल ४०६ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

# घोषणापत्रमा श्रम तथा रोजगार: विनाधितो ऋणदेखि स्वदेशमै विदेशी काम




काठमाडौं/२१ फागुनमा तय निर्वाचनका लागि घोषणापत्र जारी गरेका सबैजसो राजनीतिक दलले श्रम तथा वैदेशिक रोजगार क्षेत्रलाई महत्त्वपूर्ण प्राथमिकतामा राखेका छन् । यद्यपि, अधिकांश दलले अघिल्ला निर्वाचनमा गरेका प्रतिबद्धतालाई यो चुनावमा पनि दोहोऱ्याएका छन् । दलहरूले आन्तरिक रोजगारी सिर्जनामा जोड दिने, युवालाई स्वदेशमै अवसर उपलब्ध गराउने तथा वैदेशिक रोजगारी व्यवस्थित, सुरक्षित र मर्यादित बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

**नेपाली कांग्रेस : ५ वर्षमा १५ लाख रोजगारी, बाध्यात्मक वैदेशिक रोजगारी अन्त्य**

नेपाली कांग्रेसले आसन्न निर्वाचन लक्षित गर्दै श्रम, रोजगारी र वैदेशिक रोजगार क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेको छ । पार्टीले श्रम प्रशासन सुधारदेखि फर्किएका आप्रवासी श्रमिकको पुनर्स्थापनासम्मका कार्यक्रम अघि सार्दै 'स्वदेशमै अवसर, वैदेशिक रोजगारी सुरक्षित र मर्यादित' बनाउने लक्ष्य सार्वजनिक गरेको छ । यसलाई कार्यान्वयन गर्न कांग्रेसले आशालाई अवसरमा बदल्ने 'मिसन रोजगारी' अभियान सञ्चालन गर्ने जनाएको छ ।

पार्टीले देशभित्र रहेका युवाको सम्भावना रोजगारीमा रूपान्तरण गर्न कृषि, पर्यटन र उद्योग क्षेत्रमा लघु तथा साना उद्यम प्रवर्द्धन गर्ने बताएको छ । युवाको नयाँ सोच, सिप र योजनालाई व्यावसायिक बनाउन राज्यले लगानी जुटाउने र सहजीकरण गर्ने भूमिका लिने उल्लेख गरिएको छ ।

'परियोजना धितो ऋण' र 'स्टार्टअप सिड फन्ड' मार्फत औपचारिक पूँजीको पहुँच सुनिश्चित गरिने, नयाँ उद्यम सुरु गर्न चाहने महिला र युवालाई प्रशिक्षण, परामर्श र प्रारम्भिक लगानी उपलब्ध गराइने योजना छ । नयाँ सोच भएका युवालाई परियोजनाकै धितोमा ५ देखि ५० लाख रुपैयाँसम्म बिउ पूँजी उपलब्ध गराउने, २५ प्रतिशत अनुदान, ५० प्रतिशत सहुलियत ऋण र २५ प्रतिशत स्वलगानीको मोडेल लागु गर्ने कांग्रेस प्रतिबद्धता छ ।

युवालाई नीति निर्माणमा सहभागी गराउन हरेक वर्ष कम्तीमा ५ हजार प्रशिक्षार्थीलाई संघ, प्रदेश र स्थानीय तहमा 'फेलो' का रूपमा परिचालन गर्ने योजना कांग्रेसले राखेको छ । संसद्, मन्त्रालय र स्थानीय सरकारमा उनीहरूको सहभागिता मार्फत अनुसन्धान, योजना निर्माण र डिजिटल गभर्नेन्समा भूमिका विस्तार गर्ने उद्देश्य छ । रोजगारीलाई स्थायी जीवन आधार बनाउने लक्ष्यसहित आगामी पाँच वर्षमा कम्तीमा १५ लाख उत्पादनशील रोजगारी सिर्जना गर्ने कांग्रेसको घोषणा छ । श्रमिक अधिकार र सामाजिक सुरक्षालाई पनि पार्टीले प्राथमिकतामा राखेको छ । औपचारिक र अनौपचारिक दुवै क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने, 'एक श्रमिक-एक सामाजिक सुरक्षा खाता' लागु गर्ने तथा स्थानीय तहमा श्रमिक कल्याण कोष स्थापना गर्ने प्रस्ताव गरिएको छ । पाँच वर्षभित्र वैदेशिक रोजगारीमा जाने संख्या ५० प्रतिशतले घटाउने लक्ष्य राखेको छ । तर, विदेश जाने श्रमिकका लागि पूर्वप्रस्थान परामर्श, सिप तालिम, अनिवार्य अभिमुखीकरण, स्वास्थ्य परीक्षण र बीमा प्रणाली व्यवस्थित बनाइने छ ।

**नेकपा एमाले : स्वदेशमै रोजगारी र मर्यादित श्रम सुनिश्चितता**

नेकपा एमालेले समेत श्रम र रोजगारीको क्षेत्रलाई प्राथमिकता दिएको छ । 'मर्यादित श्रम: स्वदेशमै रोजगारी' लाई समृद्धिको मुख्य २५ स्तम्भमध्ये एक मान्दै एमालेले आगामी पाँच वर्षभित्र श्रमशक्तिलाई उत्पादकत्वसँग जोड्ने महत्त्वाकांक्षी योजना अघि सारेको छ । एमालेले वैदेशिक रोजगारीमा रहेकालाई सम्मान गर्ने उल्लेख गरेको छ । विप्रेषण पठाउने श्रमिकको बैंक खातामा वार्षिक थप बोनसको रूपमा ५ हजार रुपैयाँ थप गर्ने र वैदेशिक रोजगारीमा जाने सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा निरन्तरता हुने प्रबन्ध गर्ने जनाएको छ ।

त्यस्तै श्रमिकको न्यूनतम पारिश्रमिक २५ हजार पुऱ्याउने उल्लेख गरेको छ । हाल १९ हजार ५ सय तोकिएको न्यूनमत पारि श्रमिकलाई एमालेले २५ हजार पुऱ्याउने उल्लेख गरेको हो । उच्च आर्थिक वृद्धिबाट वार्षिक ४ लाख र सूचना प्रविधि क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट थप १ लाख गरी वार्षिक ५ लाख रोजगारी सिर्जना गर्ने जनाएको छ । वैदेशिक रोजगारीमा जानेहरूका लागि चर्को ब्याजमा ऋण लिएर जानुपर्ने अवस्थाको अन्त्य गर्ने जनाएको छ ।

वैदेशिक रोजगारीको बाध्यता कम गर्दै लैजाने र विदेश जानै परेको खण्डमा दक्ष जनशक्ति मात्र पठाउने नीति एमालेले लिएको छ । युवाहरूलाई नवीन विचार र सिपयुक्त बनाउँदै स्वदेशमै भविष्य खोज्न प्रेरित गरिने एमालेको घोषणापत्रमा उल्लेख छ ।

**नेपाली कम्युनिष्ट पार्टी (नेकपा) : ५ वर्षमा १५ लाख मर्यादित रोजगारीदेखि १ करोड कर्जासम्म**

देशमा सुशासन सुदृढ गर्दै उत्पादन बढाउने र व्यापक रोजगारी सिर्जना गर्ने कार्यलाई नेकपाले आफ्नो प्रमुख प्राथमिकताका रूपमा अघि सारेको छ । 'सुशासन र रोजगारी समाजवादको तयारी, राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी' भन्ने मूल नारासहित पार्टीले विभिन्न प्रतिबद्धता सार्वजनिक गरेको हो ।

जनसांख्यिक लाभको अधिकतम उपयोग गर्दै हरेक वर्ष थप १ लाख ५० हजार रोजगारी सिर्जना गरी वार्षिक करिब ५ लाख रोजगारी सुनिश्चित गर्ने लक्ष्य उसको छ । विदेशमा रहेका नेपालीको ज्ञान, सीप, अनुभव र पूँजीलाई देशभित्र उपयोग गर्न रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरिने छ । यसमार्फत कम्तीमा १ लाख फर्किएका श्रमिकलाई उद्यमी बनाउने योजना छ ।

नेकपाले दलित, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिले उत्पादनमूलक उद्यम सञ्चालन गर्न चाहे १० वर्षसम्मका लागि १ करोड रुपैयाँसम्म ऋण उपलब्ध गराइने र त्यसमा ५ प्रतिशतमात्र ब्याज लाग्ने व्यवस्था गरिने जनाइएको छ । १ सय, ५ सय र १ हजारभन्दा बढी श्रमिकलाई रोजगारी दिने उद्योग प्रतिष्ठानलाई कर छुट र सहुलियत कर्जा लगायत विशेष सुविधा प्रदान गरिने छ । स्थानीय तहमार्फत बेरोजगार युवाको विवरण संकलन गरी सिप तालिम र श्रम बजारसँग जोडिने व्यवस्था गरिने उसको घोषणा छ ।

**राष्ट्रिय स्वतन्त्र पार्टी : डिजिटल रोजगारीदेखि रेमिट्यान्स भित्र्याउने श्रमिकलाई विशेष परिचयपत्र**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले विश्व श्रम बजारमा भइरहेको तीव्र परिवर्तन ध्यानमा राख्दै नेपालमै बसेर विदेशी कम्पनी वा रोजगारदाताका लागि काम गर्न पाउने वातावरण तयार गर्ने नीति अघि सारेको छ । यसका लागि स्पष्ट कानुनी व्यवस्था गर्दै विद्यमान ऐन-कानुन संशोधन गरी रिमोट वर्क, डिजिटल रोजगारी तथा सीमापार सेवा निर्यातलाई वैधानिक मान्यता दिने प्रतिबद्धता पार्टीले जनाएको छ ।

वैदेशिक रोजगारीमा जाने नागरिकको हित संरक्षणलाई प्राथमिकता दिँदै वैदेशिक रोजगार व्यवसायीलाई पारदर्शी, नियमसम्मत र जवाफदेही बनाइने उल्लेख गरिएको छ । विदेशमा श्रम गरेर विप्रेषण भित्र्याउने श्रमिकको योगदानको कदर गर्दै विशेष परिचयपत्रको आधारमा सरकारी स्वास्थ्य, शिक्षा तथा अन्य सामाजिक सेवामा सहुलियत उपलब्ध गराउने व्यवस्था गर्ने वाचा गरिएको छ ।

**राष्ट्रिय प्रजातन्त्र पार्टी : विदेशको सिप स्वदेशमा उपयोगदेखि व्यापक रोजगारी सिर्जनासम्म**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले आगामी पाँच वर्षभित्र श्रम, रोजगार तथा वैदेशिक रोजगार क्षेत्रलाई सुधार र सुदृढीकरण गर्ने विस्तृत संकल्प अघि सारेको छ । सूचना प्रविधिको अधिकतम प्रयोग मार्फत नागरिक सेवा सरल बनाउँदै सुशासन प्रवर्द्धन गर्ने र व्यापक रोजगारी सिर्जना गर्ने पार्टीको लक्ष्य छ । विदेशमा रहेका नेपालीको सीप, अनुभव र पूँजीलाई राष्ट्र विकासको महत्त्वपूर्ण शक्ति मान्दै राप्रपाले ती स्रोतलाई स्वदेशमा उद्यमशीलता र औद्योगिक विकासमा रूपान्तरण गर्ने विशेष कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

गैरआवासीय नेपाली समुदायसँगको सम्बन्धलाई संस्थागत र दिगो बनाउँदै 'एक पटकको नेपाली, सधैंको नेपाली' भन्ने भावना नीतिगत आधार दिने प्रतिबद्धता पार्टीले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'लालिमा'को पात्रका लागि यौनकर्मीहरूलाई भेटेँ: रोश्नी कार्की



काठमाडौं/रंगमञ्च र म्यूजिक भिडियोकी स्थापित कलाकार हुन्, रोश्नी कार्की । करिब एक दर्जन नाटक र २ सयभन्दा बढी भिडियोमा अभिनय गरिसकेकी उनको पछिल्लो समय फिल्ममा पनि व्यस्तता बढ्न थालेको छ । उनले अभिनय गरेको पछिल्लो फिल्म 'श्री बुकुरो' फागुन १ गते प्रदर्शन भएको थियो । अब उनको नयाँ फिल्म 'लालिमा' फागुन २९ गतेबाट प्रदर्शनमा आउँदैछ ।

यो फिल्ममा रोश्नीले चुनौतीपूर्ण भूमिकामा अभिनय गरेकी छन् । यसमा उनी लालिमा पात्रको भूमिकामा छिन्, जो पेसाले यौनकर्मी हुन् । यो पात्र निर्माणका लागि उनले यौनकर्मीहरूलाई समेत भेटेकी थिइन् । उनी भन्छिन्, 'मैले चिनेका कोही यौनकर्मी थिएनन् । हुन त आफूलाई यौनकर्मी बताउने को नै हुन्छ र ? तर, मैले फिल्मको पात्र निर्माणका लागि यौनकर्मीसँग भेट्नै पर्ने थियो ।'

यौनकर्मीहरूको मानसिकता बुझ्न उनले निर्माताको सहयोगमा १० जना यौनकर्मीसँग प्रत्यक्ष भेट गरिन् । उनीहरूसँग कुराकानी भएपछि आफूलाई पात्रमा डुब्न ठूलो सहयोग मिलेको उनी बताउँछिन् । भन्छिन्, 'यौनकर्मीहरूसँग मैले कुराकानी गरेँ । उहाँहरूले आफ्नो समस्या, पीडा र मनोदशा सुनाउनुभयो, जसले गर्दा मलाई पात्र निर्माणमा निकै सहयोग मिल्यो ।'

उनी आफूले भेटेका अधिकांश यौनकर्मीहरू कलेज पढ्ने किशोरीदेखि अधवैँशे उमेरसम्मका रहेको बताउँछिन् । 'सबै आर्थिक समस्याका कारणले नै यो पेसामा आउन बाध्य भएको पाएँ । यो पेसामा लाग्ने किशोरीदेखि अधवैँश उमेर सम्मका महिलाहरू छन् । उनीहरू आफ्नो आर्थिक समस्या टार्नका लागि मात्र यो पेसामा आएका छन्,' उनले भनिन् ।

'लालिमा'मा आफू यौनकर्मीहरूको सशक्त आवाज बनेर प्रस्तुत भएको रोश्नीको भनाइ छ । उनी अगाडि भन्छिन्, 'कलाकारको रूपमा म उहाँहरूको आवाज बनेकी छु । उहाँहरूका लागि मैले गर्न सक्ने काम पात्रमार्फत गरेको छु । कम्तीमा मैले उहाँहरूको मानसिकता, बाध्यता र समस्यालाई पर्दामा उतार्ने प्रयास गरेकी छु । यो मेरो लागि पनि एउटा नयाँ अनुभव रह्यो ।'

रोशन मिराजको लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा रोश्नीसहित सुष्मा निरौला, शिशिर वाङ्देल, जीवन भट्टराई, उषा रजक, सबिन कट्टेल लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । रीना लामा कार्यकारी निर्माता रहेको फिल्मलाई फेथ आस्था र एम्पिफाई चेन्जले निर्माण गरेका हुन् । यो फिल्म ३ हजार यौनकर्मी महिलाको अनुभवमा आधारित रहेको बताइएको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# १३८९ उम्मेदवारले बैंक खाता सञ्चालनमा ल्याए

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि निर्वाचन खर्च बैंक खातामार्फत नगर्ने राजनीतिक दल तथा उम्मेद्वारलाई कारबाही गर्ने चेतावनी दिएको छ ।

बैंक खाता नखोली वा खाता खोलेर पनि बैंकिङ कारोबार नगरी खर्च गर्ने दल वा उम्मेदवारलाई निर्वाचन आचारसंहिता उल्लंघन गरेको आधारमा प्रचलित व्यवस्था अनुसार कारबाही गरिने आयोगले चेतावनी दिएको हो । आयोगका सूचना अधिकारी सुमन घिमिरेले आयोगले बैंक खातामार्फत मात्र खर्च गर्न राजनीतिक दललाई निर्देशन दिएको जानकारी दिएका छन् । आयोगले तोकेको व्यवस्था उल्लंघन गरे निर्वाचन आचारसंहिताअनुसार कारबाही हुने उनको भनाई छ ।



उनकाअनुसार हालसम्म ९ वटा राजनीतिक दल र १ हजार ३ सय ८९ उम्मेदवारले बैंक खाता सञ्चालनमा ल्याएका छन् । खाता सञ्चालन गर्ने राजनीतिक दलहरुमा नेपाली काँग्रेस, राष्ट्रिय जनमोर्चा, नेकपा संयुक्त, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी (जसपा), संयुक्त नागरिक पार्टी, मितेरी पार्टी र नेपाल जनता संरक्षण पार्टी रहेका छन् । नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतका ठूला राजनितिक दलले हालसम्म बैंक खाता सञ्चालनमा ल्याएका छैनन् । आयोगले बैंक खाता खोलेर बैंकिङ कारोबारमार्फत मात्र निर्वाचन खर्च गर्न आग्रह गरेको छ ।

२५ हजार रुपैयाँभन्दा बढी रकम प्राप्त गर्दा अनिवार्यरुपमा बैंक खातामार्फत गर्नुपर्ने व्यवस्था रहेको आयोगका सूचना अधिकारी घिमिरेले जानकारी दिए । घिमिरेका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जारी गरिएको निर्वाचन आचारसंहिताको दफा १६ मा निर्वाचन खर्चसम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ । यो प्रावधानअनुसार उम्मेदवारले उम्मेदवारी दर्ताकै क्रममा आफ्नो अनुमानित निर्वाचन खर्च र त्यसको स्रोत खुलाउनुपर्ने व्यवस्था छ । आचारसंहिताअनुसार उम्मेदवारले निर्वाचन खर्च सञ्चालन गर्न बैंकमा छुट्टै खाता खोल्नुपर्ने, खाता सञ्चालनका लागि छुट्टै पदाधिकारी तोक्नुपर्ने तथा खातामा आएको सबै रकम र गरिएको खर्चको बिलभरपाई सुरक्षित राख्नुपर्नेछ ।

निर्वाचनलाई पारदर्शी र प्रभावकारी बनाउन आयोगले यस्तो व्यवस्था गरेको उनले बताए । आयोगले बैंक खाता सञ्चालन सम्बन्धी कार्यविधि लागू गरेको छ । कार्यविधिअनुसार प्रत्येक जिल्लामा कोष तथा लेखानियन्त्रक कार्यालयका प्रमुखलाई निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । अनुगमन अधिकृतलाई राजनीतिक दल तथा उम्मेदवारले गरेको खर्च, खर्चको स्रोत र सार्वजनिक सम्पतीको प्रयोग भएनभएकोबारे जानकारी संकलन गर्ने तथा पेश गरिएको विवरणको अनुगमन गर्ने जिम्मेवारी दिइएको सूचना अधिकारी घिमिरेले जानकारी दिएका छन् ।

त्यसैगरी निर्वाचन आयोगले निर्वाचन आचारसंहिता विपरित प्रकाशित तथा प्रशारित सामग्रीमाथि निगरानी बढाएको छ । आयोगअन्तर्गत स्थापना गरिएको सूचना सदाचार प्रवर्द्धन एकाइले हानिकारक सूचनाको अध्ययन गरी सम्बन्धित निकायमा कारबाहीको लागि सिफारिस गरेको हो । एकाईमा हालसम्म ६ सय १२ वटा हानिकारक सूचनासम्बन्धी उजुरी प्राप्त भएको आयोगका सूचना अधिकारी घिमिरेले जानकारी दिए । उनकाअनुसार प्राप्त उजुरीको व्यवस्थापन तथा हटाउन आयोगले सम्बन्धित निकायमा पत्राचार गर्दै आएको छ । ती निकायबाट केही सामग्री हटाइसकेको पनि उनले बताए ।

नेपाल प्रहरी अन्तर्गतको साइबर ब्युरोलाई ३ सय ३६ वटा सामग्री हटाउन पत्राचार गरेकोमा १ सय २९ वटा सामग्री हटाएको उनले बताए । हानिकारक सूचना प्रकाशित गर्ने १२ वटा वेबसाइटलाई ब्लक गरिएको छ । उनका अनुसार वेबसाईट नियमन गर्ने निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई पनि निर्वाचन आचारसंहिता विपरीत सामग्री प्रकाशन गर्ने १२ वटा वेबसाइट ब्लक गर्न अनुरोध गरिएको थियो । ती साइटले निर्वाचन नतिजा पूर्वानुमान गर्दै भ्रामक र अनुमानित सूचना सार्वजनिक गरेकोले ब्लक गर्न सिफारिस गरेको सूचना अधिकारी घिमिरेले बताए ।

उनका अनुसार प्रेस काउन्सिल नेपालमा पठाइएका ७४ वटा उजुरीमध्ये ३२ वटा सामग्री हटाइएको छ । सम्बन्धित व्यक्तिले आयोगले तोकेको समयसीमाभित्र स्पष्टीकरण पेश गरेको उनको भनाई छ । उनले निर्वाचन आचारसंहिता पालना गर्नको लागि आयोगले कडाई गरिरहेको पनि जानकारी दिए । निर्वाचन प्रचारप्रसारमा अवरोध सिर्जन नगर्न, बालबालिकाको प्रयोग नगर्न, निर्वाचनचिन्हको भौतिक प्रयोग नर्गन, शिक्षक तथा कर्मचारीलाई निर्वाचन प्रचारप्रसारमा सहभागी नहुन तथा स्थानीय जनप्रतिनिधिलाई आफ्नो कार्यक्षेत्रमा प्रचारप्रसारमा सहभागी नहुन निर्देशन दिएको उल्लेख गरेका छन् ।

# आजपा उम्मेदवार राई कांग्रेस प्रवेश, लामालाई समर्थन



साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर २ का आम जनता पार्टी (आजपा) का उम्मेदवार सूर्य राई नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । उनले आफ्नो उम्मेदवारी निष्क्रिय पार्दै कांग्रेस उम्मेदवार बुद्ध लामालाई समर्थन गर्ने घोषणा गरेका छन् ।

मनहरी गाउँपालिका-६ मा आयोजित चुनावीसभामा राईलाई कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले पार्टीमा स्वागत गरेका थिए । कार्यक्रममार्फत् राई सहित विभिन्न दल परित्याग गरी ८६ जना नेता-कार्यकर्ता कांग्रेसमा प्रवेश गरेको मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौलाले जानकारी दिए । कांग्रेस प्रवेशपछि राईले देशमा विकास र स्थिरताका लागि कांग्रेसको विकल्प नभएको दाबी गरे । 'कांग्रेसले पछिल्लो समय अवलम्बन गरेको नीति र मार्गदर्शनले मात्रै देशलाई सही दिशामा लैजान सक्छ,' उनले भने, 'त्यसैले आफ्नो उम्मेदवारी निष्क्रिय पारेर बुद्ध लामालाई समर्थन गरेको हुँ ।'

कार्यक्रमलाई सम्बोधन गर्दै सभापति बानियाँले पुराना तथा नयाँ भनिएका दलमा गम्भीर विचलन देखिएको आरोप लगाए । उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरु सहकारी ठगी, दोहोरो राहदानी र नागरिकता विवादमा मुछिएको दाबी गर्दै आलोचना गरे । 'गरीबको पैसा मासेकै कारण आज ठूला कुरा गर्नेहरु धरौटीमा निस्कनुपर्ने अवस्था आएको छ,' उनले भने । रास्वपाले क्युआर कोडमार्फत् रकम संकलन गरी बाहिरबाट मान्छे ओसारेर कृत्रिम भीड देखाएको आरोपसमेत उनले लगाए ।

बानियाँले केपी शर्मा ओलीले नयाँ पुस्ताको भावना नबुझेको टिप्पणी गरे । माओवादीमा लामो समय नेतृत्व परिवर्तन नभएको दाबी गरे । कांग्रेसले भने गगन थापा जस्ता युवालाई अगाडि सारेर नीति र नेतृत्वमा परिवर्तन गरिरहेको उनको भनाइ थियो । कांग्रेस मकवानपुर सभापति तथा उम्मेदवार बुद्ध लामाले पार्टी प्रवेशको लहरले आफ्नो जीत सुनिश्चित भएको दाबी गरे । 'थुप्रै साथीहरु कांग्रेसमा प्रवेश गर्नुले कांग्रेस विजयी भइसकेको संकेत गर्दछ,' उनले भने, 'कांग्रेस सबै पार्टीको महापार्टी र केन्द्रबिन्दु बनेको छ ।'

लामाले नि:शुल्क तथा सुलभ स्वास्थ्य सेवा, महिला, किसान, युवालक्षित कार्यक्रम, वैदेशिक रोजगारी व्यवस्थापन, स्वदेशमै सीपमूलक तालिम र लघुवित्त समस्याको समाधानलाई मुख्य एजेन्डा बनाएको बताए । निर्वाचन नजिकिँदै गर्दा उनले कार्यकर्तालाई संयमित र अनुशासित रहन आग्रह गर्दै फागुन २१ गतेसम्म प्रत्येक टोलबस्तीमा सक्रिय हुन निर्देशन दिए । कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, पालिका सभापति प्रकाश बर्तौलालगायत स्थानीय नेताको उपस्थिति थियो ।

हालै रास्वपा परित्याग गरी कांग्रेसमा फर्किएका नेता भरत पराजुलीले कांग्रेसलाई सबै वर्ग र समुदायको साझा पार्टी बनाउनुपर्नेमा जोड दिए । 'कांग्रेस केवल धनीमानी र जमिनदारको मात्र पार्टी नबनोस्,' उनले भने, 'श्रमजीवी, आर्थिकरुपमा कमजोर र पछाडि पारिएका वर्गको पनि नेतृत्व र अपनत्व महसुस हुनुपर्छ ।' उनले पार्टीको वर्तमान कार्यशैलीमा सुधार आवश्यक रहेको औंल्याउँदै तल्लो तहका कार्यकर्ताको भावना बुझेर अघि बढ्न नेतृत्वलाई आग्रह गरे ।


# हेटौंडामा कुलमानको आमसभा स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ स्वास्थ्य समस्याका कारण आज (बिहिबार) हेटौंडामा आयोजना हुने आमसभामा सहभागी हुन नसक्ने भएका छन् ।

पार्टीको चुनावी अभियान अन्तर्गत् आयोजना गरिएको कार्यक्रम स्थगित गरिएको पार्टी स्रोतले जनाएको छ । आमसभा हेटौंडामा आयोजना गर्ने तयारी गरिएको थियो । कार्यक्रममा अध्यक्ष घिसिङले समसामयिक राजनीतिक अवस्था, विकास, सुशासन तथा जनजीविकासँग सम्बन्धित विषयमा धारणा राख्ने कार्यक्रम तय गरिएको थियो । निर्वाचन नजिकिँदै जाँदा विभिन्न राजनीतिक दलहरुले गतिविधि तीव्र बनाइरहेका बेला घिसिङको कार्यक्रम स्थगित भएपछि आमसभाको तयारीमा रहेका नेता कार्यकर्ता तथा समर्थक पार्टीको अध्यक्षको स्वास्थ्य अवस्थाको कारण स्थगित भएको बताए ।

# ८७ सहभागीको आत्मजागरण यात्रा




साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ मकवानपुरस्थित सिआन पुनर्स्थापना केन्द्रद्वारा आयोजित एकदिने 'हिप्नो मेस्मेरिज्म वर्कशप' बुधबार सफलतापूर्वक सम्पन्न भएको छ ।

पुनर्स्थापना प्रक्रियामा रहेका करिब ८७ जना सहभागीको सक्रिय, अनुशासित र भावनात्मक सहभागिताले कार्यक्रमलाई औपचारिक तालिमभन्दा माथि उठाउँदै आत्मजागरण र रुपान्तरणको अभियानकारुपमा स्थापित गरेको आयोजकले जनाएको छ । कार्यक्रमका प्रमुख प्रशिक्षक तथा केन्द्रका कार्यकारीनिर्देशक शौजन क्षेत्री (डीसी) ले आफ्नै जीवन अनुभव, व्यवहारिक ज्ञान र मनोवैज्ञानिक दृष्टिकोणलाई समेट्दै ६ वटा प्रभावकारी सत्र सञ्चालन गरेका थिए । ती सत्रमा आत्मनियन्त्रण, भावनात्मक सन्तुलन, तनाव व्यवस्थापन, ध्यान तथा रिल्याक्सेशन, सकारात्मक सोच र आत्म विश्वास पुनर्निर्माण जस्ता विषय समेटिएका थिए ।

प्रशिक्षण केवल सैद्धान्तिक नभई व्यवहारिक अभ्यास, अन्तरक्रिया तथा आत्मअनुभूतिको माध्यमबाट सञ्चालन गरिएको थियो । सहभागीले ध्यान अभ्यास, समूह अन्तरक्रिया र आत्मविश्लेषण प्रक्रियामार्फत् आफ्ना भित्री क्षमताको पहिचान गर्ने अवसर पाएका थिए । उपचार प्रक्रियामा रहेका व्यक्तिका लागि मानसिक स्थिरता, आत्मविश्वास र सकारात्मक सोच अत्यन्त महत्वपूर्ण मानिन्छ । यही आवश्यकतालाई मध्यनजर गर्दै आयोजित कार्यक्रमले पुनर्स्थापनालाई औषधि वा नियमित काउन्सेलिङमा मात्र सीमित नराखी समग्र व्यक्तित्व विकासतर्फ केन्द्रित गरेको सन्देश दिएको छ ।

सहभागीकाअनुसार, कार्यशालाले उनीहरुलाई जीवनप्रति नयाँ दृष्टिकोण, आशा र आत्मविश्वास प्रदान गरेको छ । कार्यक्रममा देखिएको सकारात्मक ऊर्जा र परिवर्तनप्रतिको प्रतिबद्धताले यसको प्रभावकारिता स्पष्ट पारेको थियो ।

समग्रमा, सिआन पुनर्स्थापना केन्द्रद्वारा आयोजित 'हिप्नो मेस्मेरिज्म वर्कशप' पुनर्स्थापनाको यात्रामा प्रेरणादायी अध्यायका रुपमा स्मरणीय बनेको छ । संस्थाले आगामी दिनमा पनि यस्ता वैज्ञानिक, रुपान्तरणमुखी तथा मानवीय कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

# एकीकृत सुरक्षा योजना अनुसार सुरक्षा व्यवस्थापन गर्दै सेना

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ नेपाली सेनाले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचन पूर्व, निर्वाचनका बेला र निर्वाचनपश्चात् गरी तीन चरणमा सुरक्षा व्यवस्थापनको भरपर्दो प्रबन्ध गरेको छ ।

राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मन्त्रिपरिषद्को निर्णय तथा राष्ट्रपतिबाट स्वीकृति प्राप्त भएपछि निर्वाचन सुरक्षाका लागि परिचालन भएको नेपाली सेनाले विगतमा जस्तै यसपटक पनि सुरक्षा व्यवस्थाको योजना बनाएको छ । सैनिक प्रवक्ता सहायकरथी राजाराम बस्नेतका अनुसार निर्वाचन केन्द्रित तालिम तथा संयुक्त अभ्यास सञ्चालन गरी आवश्यक तयारी पूरा भइसकेको छ । यसबीचमा सेनाले मतपत्र छपाइ सुरक्षाको जिम्मेवारी सफलतापूर्वक पूरा गरेको छ । आजसम्म ७५ वटा जिल्लामा निर्वाचन सामग्री ढुवानी भइसकेको र भोलिसम्ममा सबै जिल्लामा मतपत्र ढुवानी भइसक्ने निर्वाचन आयोगले जनाएको छ ।

भौगोलिक अवस्थाअनुसार पाँच जिल्लामा हवाई माध्यमबाट र अन्य जिल्लामा स्थलमार्गबाट मतपत्र ढुवानी गरिएको हो । सेनाले २०४८ साल यताका सबै निर्वाचनमा मतपत्र छपाइस्थलको सुरक्षा, काठमाडौँबाट देशका सबै जिल्लास्थित निर्वाचन कार्यालयसम्म मतपत्र ढुवानी गर्दै



आएको छ । निर्वाचनको दौरान तेस्रो घेरामा रही सुरक्षा प्रदान गर्नुका साथै निर्वाचन सम्पन्न भएपश्चात् अन्य सुरक्षा निकाय, निर्वाचन अधिकृत लगायत दलका प्रतिनिधि सहितको एकीकृत टोलीले सुरक्षा प्रदान गरी मतपेटिकालाई मतगणना स्थलसम्म पुऱ्याउने काम हुँदै आएको छ ।

मत गणनाको समयमा सेनाले गणनास्थलको बाहिरी घेरामा रही सुरक्षा प्रदान गर्दै आइरहेको छ । आसन्न निर्वाचनलाई सुरक्षित, भयरहित र निष्पक्षरुपमा सम्पन्न गराउन विगत जस्तै सेनालगायत अन्य सुरक्षा निकाय परिचालित भएका सैनिक प्रवक्ता बस्नेतले स्पष्ट पारे । एकीकृत सुरक्षा योजना अनुसार सेनाले निर्वाचनका दौरान मतदान केन्द्र तथा मतगणनास्थलको सुरक्षा, हवाई गस्ती, शंकास्पद वस्तु निष्क्रिय पार्नेलगायत कार्य गर्नेछ । सुरक्षा व्यवस्थाको तेस्रो घेरामा रही आवश्यकताअनुसार विभिन्न साधन मार्फत थप फौज परिचालन गरी जुनसुकै सुरक्षा घेरामा खटिइ निर्वाचनलाई सुरक्षित वातावरण तयार गरिने सेनाले जनाएको छ ।

निर्वाचन सुरक्षालाई थप सुदृढ बनाउन स्थानीय प्रशासन र सम्बद्ध सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी देशभर विभिन्न स्थानमा बेस स्थापना गरी नियमित गस्ती भइरहेको छ । भौगोलिक विकटस्थानमा सडक तथा बाटोमा जमेका हिउँ पन्छाएर बाटो खुलाई निर्वाचन सामग्री ढुवानी, व्यवस्थापन एवं आम जनमानसको सहजताको लागि सहयोग प्रदान गरिरहेको सेनाले जनाएको छ । कारागार, विमानस्थल तथा सरकारी कार्यालयसहित अन्य सुरक्षा निकायले सुरक्षा प्रदान गरिरहेका ११६ महत्वपूर्ण संरचनाको सुरक्षाका लागि समेत सेना खटिएको छ ।

# नामटारमा महेश बर्तौलालाई उत्साहपूर्ण स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, १३ फागुन/ मकवानपुर क्षेत्र नम्बर २ का उम्मेदवार महेश बर्तौला घरदैलो कार्यक्रमअन्तर्गत मतदाता भेटघाटका क्रममा नामटार पुग्दा उत्साहपूर्ण वातावरण देखिएको छ ।

स्थानीय बासिन्दाले बर्तौलालाई स्वागत गर्दै विकासप्रति देखिएको सक्रियताप्रति सकारात्मक प्रतिक्रिया जनाएका छन् । कैलाश गाउँपालिका पूर्वउपाध्यक्ष सुकुमाया थिङले ४१ वर्षदेखि निर्माण सुरु भएर पनि अलपत्र अवस्थामा रहेको सडक २०७९ सालको निर्वाचनपछि कालोपत्रे भएको उल्लेख गर्दै खुशी व्यक्त गरिन् । उनले उपलब्धिप्रति प्रसन्नता जनाउँदै खुशीको गीतसमेत गाएकी थिइन् । स्थानीयस्तरमा लामो समयदेखि प्रतिक्षा गरिएको पूर्वाधार सम्पन्न भएपछि जनजीवनमा सहजता आएको उनको भनाइ थियो ।



उम्मेदवार बर्तौला यतिबेला चुनावी अभियानलाई तीव्र बनाउँदै जनताको घरआँगनमै पुगेर मत मागिरहेका छन् । पछिल्लो समयमा कैलाश गाउँपालिकाका विभिन्न स्थानसहित भीमफेदी क्षेत्र अन्तर्गत सानुटार, किसेडी, सालघारी, बाघमारा, भीमफेदी बजार, सुपिङ, कोगटे र इपालगायत स्थानमा प्रत्यक्ष मतदाता भेटघाटलाई निरन्तरता दिइरहेका छन् । घरदैलो कार्यक्रम मार्फत् स्थानीय आवश्यकता, विकासका प्राथमिकता र आगामी योजनाबारे छलफल गर्दै बर्तौलाले आफू जनताको भरोसाको प्रतिनिधि बन्न प्रतिबद्ध रहेको बताएका छन् ।

नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?
यो सुनौलो अवसर नछुटाउनुहोस्
चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरु एकै ठाउँमा ।
नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरुका लागि उत्तम मौका।
सम्पर्क: ९८५१०२४८६८




साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना